कार्यपालिकाको एघारौं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष
मितिः २०७९ साल कार्तिक महिनाको ६ गते आइतबार
अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर के.सी., सूचना अधिकारी

श्री नमनारायण ढुंगाना, इन्जिनियर, छैठौं

श्री सागर पौडेल, लेखापाल पाँचौ

प्रस्तावहरु:

१. पहिरो व्यवस्थापन गर्ने उपभोक्ता समिति लगायतलाई भुक्तानी सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

३. हेभी इक्विपमेन्ट दर्ता सम्बन्धमा

निर्णय:

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | प्रस्ताव नं १ माथि छलफल गर्दा बर्षादका कारण सबै वडामा पहिरो र बाढीले सडकहरु अवरुद्ध भएको र तत्काल सडक सुचारु गर्न उपभोक्ता समिति मार्फत, कोटेशन या अमानतबाट भएका कामको वडा कार्यालयबाट सिफारिस भई आएका भुक्तानी माग निवेदन उपर कारवाही गर्न यथार्थपरक विवरण रहे/नरहेको कार्यपालिकाको बैठकले निर्णय गरेर मात्र भुक्तानी दिने । | |
| २. | क) वडा नं ५ स्थित विभिन्न स्थानमा पहिरोले बाटो अवरुद्ध भएको र अर्गेजा कन्स्ट्रक्सन प्रा. लि. मार्फत उपभोक्ता समिति मार्फत भएको कामको सम्बन्धित उपभोक्ता समितिलाई ५२.६ घण्टा काम भएकोले सो को भुक्तानी गर्ने ।<br>ख) होटेल याक बेनी प्रा.लि. बाट पेश भएको वडा नं ३ पात्ले निवासी श्री तेजिन्द्र रोका र दिलिप रोका मुस्ताङ जिल्लामा २०७९/०४/१७ गते राती जिम्मु टिप्न लाग्दा बिष्फोटक पदार्थ बिष्फोटन भई घाइते भएकाहरुको तथा वडा नं २ स्थित रुममा गएको पहिरो सम्बन्धमा राहत तथा उद्दारमा खटिएका जनप्रतिनिधिले खाना खाजा खाए बसे बापतको जम्मा २३,८९९.५ (अक्षरेपि: तेइस हजार आठ सय उनान्सय रुपैयाँ पचास पैसा मात्र) विविध खर्च शिर्षकबाट भुक्तानी दिने ।<br>ग) वडा नं ६ स्थित तोलावाङमा मंगला कन्स्ट्रक्सन प्रा.लि. ले सिंचाई पाइप पुर्न इक्विपमेन्ट प्रयोग गरे बापत पेश भएको रु १०,००० (अक्षरेपि: दश हजार रुपैयाँ) मात्र विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने ।<br>घ) मालिका गाउँपालिकाका विभिन्न वडामा भएका विपद् बाट विभिन्न परिवारलाई तत्काल भाँडाकुडा पठाइएको र सो बापत पेश हुन आएको दिच्याम किचन भाँडा पसलको बिल नं २९५, २९८ र ३०० को जम्मा २९,२०० बराबरको रकम राहत तथा पुनर्स्थापना शिर्षकबाट भुक्तानी दिने । | |

काफ्ले
अधिकृत

... प्रसाद गर्बुजा
अध्यक्ष

| | | |
|---|---|---|
| | घ) वडा नं ३ को बोक्रे देखि किटिनी सम्म खानेपानीको पाइप तत्काल बिछ्याउन आवश्यक देखिएको भनी स्थानीयले माग गरेकोले विपद् व्यवस्थापन शिर्षकबाट १४५० मिटर २० एम एम को पाइप खरिद गरी/गराई सो बराबरको रकम भुक्तानी दिने ।<br>ङ) रुमखोला लघु जलविद्युत मर्मतमा अघिल्लो कार्यपालिका बैठकले लागत अनुमान गराई सो बमोजिम विपद् व्यवस्थापन शिर्षकबाट खर्च व्यहोर्ने निर्णयानुसार हाल कार्यसम्पन्न गरी बिल भरपाई पेश भएकोले रु ६ लाख भुक्तानी दिने ।<br>च) श्री दाजुङ खोला लघु जलविद्युत सहकारी संस्था लिमिटेड. मालिका-४, च्युरिबोटले जलविद्युत मर्मत गरी कार्यसम्पन्न गरेको र उक्त संस्थाले पेश गरेको बिल भरपाई विपद् व्यवस्थापन शिर्षकबाट जम्मा रु १,५३,११५ (अक्षेरेपिः एक लाख त्रिपन्न हजार एक सय पन्ध्र) पी.एस. इनर्जी पावर प्रा.लि. लाई भुक्तानी दिने ।<br>छ) मालिका गाउँपालिका वा अन्तर्गतका कार्यालयबाट कार्यालयीय काममा जीप भाडामा लिँदा प्रति दिन दुरी र प्रयोग हेरी बढिमा ७,५०० (अक्षेरेपिः सात हजार पाँच सय) मात्र भाडाबापत दिने ।<br>ज) दिच्याम किचन भाँडा पसलले पेश गरेको उपाध्यक्षको निवासमा पठाएको सामग्री बापतको रु ४९,४२० (अक्षेरेपिः उनानपचास हजार चार सय बिस रुपैयाँ) मात्र तथा विशाल फेशन हाउसले पेश गरेको रु ४९,७५० (उननपचास हजार सात सय पचास) मात्र मसलन्द तथा कार्यालय सामग्री अन्तर्गत भुक्तानी दिने ।उक्त सामग्री गाउँपालिकाको जिन्सीमा दाखिला गर्ने र जिन्सी हेर्ने कर्मचारीले रेखदेख गर्ने ।<br>झ) मालिका गाउँपालिकामा बहने नदीहरुको सतह हेरी सूचना आदानप्रदान गर्न जिल्ला प्रशासन कार्यालयमा छलफल भई निर्णय भए अनुसार श्री सोम प्रसाद फगामीलाई तोकिएको र निजको सुबिधा स्वरूप श्रावण, भाद्र र असोज को एकमुष्ट रु २४,००० (अक्षेरेपिः चौबिस हजार रुपैयाँ) मात्र भुक्तानी दिने । | |
| ३. | मालिका गाउँपालिकामा सञ्चालनमा रहेका जे सि वि, एक्स्काभेटर लगायतका हेभी इक्विपमेन्टलाई दर्ता गराई आ.व. २०७९/८० को आर्थिक ऐनले तोकेबमोजिमको बार्षिक शुल्क रु १०,००० भुक्तानी लिएर मात्र सम्बन्धित इक्विपमेन्टहरुलाई गाउँपालिकाबाट दिनु पर्ने भुक्तानी निकासा गर्ने । | |

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

वेग प्रसाद गर्बुजा
अध्यक्ष